आज मिति २०७६ साल आषाढ महिनाको ४ गते बुधवार बिहान ७:०० बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको २५ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अर्जविर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्त सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | भशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धर्नावर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सचिव गाउँ कार्यपालिका | |

## बैठक व्यवस्थापनमा सहभागी कर्मचारीहरु

| | |
|---|---|
| १. राज बहादुर सिंह | लेखापाल |
| २.श्रम बहादुर सिंह | कार्यक्रम अधिकृत |
| ३. बिन बहादुर शाह | लेखा तथा प्रशासन सहायक |
| ४. ोकेन्द्र बहादुर सिंह | का.स |

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव तथा निर्णयहरुको विस्तृतीकरण यस प्रकार छ ।

**प्रस्ताव नं. १ आगामी आ.व.२०७६।७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १** : आगामी आ.व. २०७६।७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि मिति २०७६।०३।०६ गतेका लागि गाउँसभाको बैठक बोलाउने निर्णय सर्वसम्मतिले पारित गरियो । उक्त नीति तथा कार्यक्रमको ड्राफ्ट तयार गर्नका लागि अध्यक्ष श्री महेन्द्र ब.शाहलाई सहजीकरण गर्नका लागि देहायको एक प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | रुद्र बहादुर पछाई | संयोजक |
| २. कार्यक्रम अधिकृत | श्रम बहादुर सिहं | सदस्य |
| ३. लेखापाल | राज बहादुर सिहं | सदस्य |

**प्रस्ताव नं. २ : स्थानीय राजस्व परामर्श समितिबाट सिफारिस भई आएको प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं.२** : स्थानीय राजस्व परामर्श समितिबाट मिति २०७६।०३।०१ गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आएको प्रतिवेदन उपर व्यापक छलफल भई उक्त प्रतिवेदनलाई पारित गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने निर्णय गरियो । साथै उक्त प्रतिवेदनका आधारमा बारेकोट गाउँपालिकाको आर्थिक विधेयक, २०७६ को ड्राफ्ट तयार गर्नका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक सम्बन्धमा ।**

**निर्णय नं. ३** : आगामी आ.व. २०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि मिति २०७६।०३।०५ गतेको मिति तय गर्ने निर्णय गरियो । उक्त बैठकका लागि समितिका सम्पूर्ण सदस्यहरुलाई पत्राचार गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त बैठकमा सहजीकरण गरी उचित राय, सल्लाह, सुझाव प्रदान गरी सन्तुलित बजेट तथा कार्यक्रम तयार गर्नका लागि सम्पूर्ण वडा अध्यक्ष ज्यूहरुलाई आमन्त्रित सदस्यका रुपमा मनोनित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : आगामी आ.व.२०७६।७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३** : आगामी आ.व.२०७६।७७ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नका लागि यही मिति २७६।०३।०९ गते गाउँसभाको बैठक आह्वान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : आगामी गाउँ कार्यपालिकाको बैठक सम्बन्धमा ।**

**निर्णय नं. ५** : आगामी आ.व.२०७६।७७ को बजेट तथा कार्यक्रमको पूर्णता प्रदान गर्नका लागि योजनाहरुको प्राथमिकीकरण गर्नका लागि बृहत छलफल गर्नु पर्ने भएकोले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आउने योजना तथा कार्यक्रम माथि व्यापक छलफल गरी गाउँसभामा पारित गर्नका लागि सिफारिस गरी पठाउनु पर्ने प्रावधान भएको हुँदा उक्त कार्यका लागि मिति २०७६।०३।०७ र ८ गतेका लागि गाउँ कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत